# भूमिहीनता र वन व्यवस्थापन: सामुदायिक वनको भुमिका

प्रविण भूसाल, जिसन कार्की, कमल भण्डारी, नया शर्मा पौडेल

## मूख्य सन्देश

- तराईका वन क्षेत्रको दिगो व्यवस्थापनमा भूमिहीनताको समस्या मूख्य चुनौतीको रुपमा प्रस्तुत भएको छ।
- हालका सरकारी नीति तथा कार्यक्रमहरु भूमिहीन र वन व्यवस्थापन बीच देखिएका द्वन्द सम्बोधन गर्न पर्याप्त छैनन।
- सामुदायिक वनले वन क्षेत्र वरपर बस्ने भूमिहीन र सामुदायिक वन उपभोक्ता समूह बीचको द्वन्द रुपान्तरणमा सहयोगी भूमिका निर्वाह गर्दछ। साथै वन वरपर बस्ने वास्तविक भूमिहीनको पहिचान गरी उनीहरुलाई वन व्यवस्थापनमा परिचालन गर्दै जिविकोपार्जन र खाद्य सुरक्षामा सहयोग पुर्‍याउँदछ।

## परिचय

नेपालको तराईका वन क्षेत्र वरपर बस्ने भूमिहीनताका कारणले निम्त्याएको बढ्दो वन अतिक्रमणले वनको दिगो व्यवस्थापनमा समस्या सृजना गरेको छ। हालसालै, वन विभागद्धारा गरिएको एक अध्ययन अनुसार सन् १९९२ देखि २०१४ सम्म तराईको कुल वन क्षेत्र मध्ये करिव ९४,५७२ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा परेको र सो क्रम अझै बढ्दै गइरहेको छ। त्यस्तै सन् १९९१ देखि २०११ सम्म तराईको वन औसत ०.४२% ले घटेको र करिब ३२,००० हेक्टर वन अतिक्रमण भई वन क्षेत्रमा कमी आएको देखिन्छ।[१]

नेपालको जनगणना २०११ अनुसार तराईको कुल जनसंख्या मध्ये २५% भूमिहीन छन्। त्यस्तै सुकुमबासी आयोग वि.सं. २०७२ ले भूमिहीन पहिचान एवं दर्ता गर्ने प्रकृया आव्हान गर्दा करिव १२ लाख घरधुरीले भूमिहीनका रुपमा दर्ता गराएका छन्। यस मध्ये ८०% भन्दा धेरै वन क्षेत्रको आसपासमा बसाई गरी जिविकोपार्जनका निमित्त वनमा आधारित कृयाकलापहरुमा निर्भर रहेको देखिन्छ। प्राकृतिक स्रोत एवम् राजस्व बाँडफाँड सम्बन्धि संसदिय समितिको एक अध्ययनले तराई तथा चुरे स्थित वनको व्यवस्थापन एवम् संरक्षणमा भूमिहीनतालाई एक प्रमूख चुनौतीको रुपमा औंलाएको छ। थुप्रै मुद्दाहरुलाई महत्वका साथ मध्यनजर गर्ने हो भने भूमिहीनलाई वन एवम् वन पैदावारको पहुँचमा नियन्त्रण गरिएका कारण भूमिहीन, वन कर्मचारी र स्थानीय समुदाय बीच द्वन्द मौलाएको र वन क्षयीकरण र वन विनासको समस्या देखापरेको देखिन्छ।

वन व्यवस्थापनमा भूमिहीन र सामुदायिक वन उपभोक्ता समूह बीच उत्पन्न हुने द्वन्दलाई कसरी न्यूनीकरण गर्न सकिन्छ तथा तराई क्षेत्रमा वढ्दो वन अतिक्रमणको समस्यालाई कम गर्दै भूमिहीनहरुलाई दिगो वन व्यवस्थापनमा संलग्न गराउन समुदायिक वनले कस्तो भूमिका खेल्न सक्छ भन्ने बारेमा फरेष्टएक्सनले विगत २ वर्षदेखि नवलपरासीका सामुदायिक वन उपभोक्ता समूहमा सहभागिमूलक कार्य अनुसन्धान गर्दै आएको छ। उक्त अध्ययनसँगै प्रकाशित प्रतिवेदन, लेख तथा विभिन्न दस्तावेजहरुलाई आधार वनाएर यो नीतिगत वहस पत्र तयार पारिएको छ।

१ FRA/DFRS. 2014. *Terai* Forests of Nepal (2010 – 2012). Babarmahal, Kathmandu: Forest Resource Assessment Nepal Project/Department of Forest Research and Survey.

## वन अतिक्रमण: तराईमा दिगो वन व्यवस्थापनका मुख्य चुनौती

भूमिहीन तथा बाढी पहिरोबाट पिडित जनताबाट हुने अतिक्रमण, काठ तस्करी एवम् गैरकानुनी रुपमा गरिने काठ, दाउराको संकलन जस्ता कार्यहरु तराईका वन व्यवस्थापनमा मूख्य चुनौतीका रुपमा देखिदैं आएका छन्। हालै वन विभागले गरेको वन स्रोत सर्वेक्षण अनुसार वि.सं. २०५८ देखि २०६८ सम्म तराईका १८ जिल्ला मध्ये १५ जिल्लामा वन क्षेत्र घट्दो क्रममा रहेको देखाउछ (MoFSC, 2014)[२]। उदाहरणका रुपमा यस अवधिमा कपिलवस्तु जिल्लामा २०६९४.०२ हेक्टर (Kapilvastu DFO 2012)[३] र रुपन्देहीमा १३,९७०.७५ हेक्टर (Rupandehi DFO 2012)[४] ले वन क्षेत्रमा कमी आएको छ। समग्रमा वि.सं. २०५९ मा ८२,७९५ हेक्टर वन क्षेत्र अतिक्रमण भएको थियो भने वि.सं. २०६८ मा ९२,१३२ हेक्टर वन क्षेत्र अतिक्रमित थियो। वन अतिक्रमणका साथसाथै वन क्षयीकरण पनि हालका वर्षहरुमा आकासिएको देखिन्छ। वि.सं. २०५७ मा नवलपरासीमा वन क्षयिकरण १३,३०७ हेक्टर थियो भने वि.सं. २०६८ सम्ममा ४५,३७९ हे.वन क्षेत्र क्षयीकरण भएको छ। त्यस्तै तराईमा मात्र वार्षिक रुपमा औषत २.७%ले वन फडानी भइरहेको छ। (MoFSC, 2011)[५]

## असफल सरकारी रणनीति

वि.सं. २०१७ पश्चात, सरकारी क्षेत्रबाट अतिक्रमणलाई अपराध ठहर्‍याई कडा निग्रानी राखी बारम्बार भूमिहिनलाई अतिक्रमित क्षेत्रबाट हटाउने कार्य गरेतापनि हालसम्म सरकारी प्रयासहरुको प्रभावकारिता एवम् सफलता भने हात परेको छैन। नेपाल सरकारले वन तथा भू-संरक्षण मन्त्रालय मार्फत "वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति-२०६८" ल्याई अतिक्रमित क्षेत्रलाई वन क्षेत्रको रुपमा पुन:स्थापना गर्ने लक्ष्य निर्धारण गरेको छ। यस कार्यका निमित्त वर्षेनी छुट्याइएको बजेट तालिका यस प्रकार रहेको छ (तालिका न. १)।

२ MoFSC. 2014. *Terai* forests of Nepal 2010-2012. Forest Resource Assessment, Department of Forest Research and Survey, Ministry of Forest and Soil Conservation.

३ Kapilvastu DFO. 2012. Kapilvastu District Forest Office Annual Report 2011/2012. Kapilvastu District Forest Office, Department of Forest, Government of Nepal.

४ Rupandehi DFO. 2012. Kapilvastu District Forest Office Annual Report 2011/2012. Rupandehi District Forest Office, Department of Forest, Government of Nepal.

५ MoFSC. 2011. Role of forest on climate change adaptation. REDD-Forestry and Climate change Cell, Ministry of Forest and Soil Conservation.

**तालिका १: वेदखल गरिएको अतिक्रमित वन क्षेत्रको अवस्था र सम्बन्धित खर्च:**

| साल | लक्षित वेदखल क्षेत्र (हे.) | वेदखल गरिएको अतिक्रमित वन क्षेत्र (हे.) | छुट्याईएको बजेट (रु.) |
|---|---|---|---|
| २०७२ | ९८५ | ६३८ | २९,४०,000।- |
| २०७१ | ७५० | ६४८ | ३०,०००००।- |
| २०७० | ३१६ | ७९० | ९,४८,000।- |

(स्रोत : OFSC को वार्षिक प्रगति प्रतिवेदन)

यसरी अतिक्रमित क्षेत्र माथि कडा निग्रानी राख्न र वेदखल गर्नका निमित्त धेरै खर्च लाग्ने गरेको देखिन्छ । तालिका १ अनुसार करिब ६०० हे. वन क्षेत्रबाट अतिक्रमण हटाउन ३० लाख बराबरको रकम खर्च लाग्दछ तर उक्त समयमा हजारौ हेक्टर वन क्षेत्र अतिक्रमित भएका छन् । यी अतिक्रमण भएका क्षेत्रबाट भूमिहीनलाई वेदखल गर्नु मात्र अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन गर्न उचित एवम् प्रभावकारी माध्यम देखिँदैन । यस्ता सरकारी प्रयासहरु माथि स्वयं जिल्ला वन कार्यालयबाट पनि प्रश्न उठ्ने गरेको छ । जिल्ला वन कार्यालय अन्तर्गत एक सहायक वन अधिकृतका अनुसार *"१०-१५ घरधुरीहरु वनक्षेत्रबाट हटाउन करिव एक लाख रुपैयाँ र दुई महिनाको समय लाग्दछ । अतिक्रमण हटाउन बनाइने योजना लामो मात्र नभई प्रमूख जिल्ला अधिकारीको कार्यालय, जिल्ला प्रशासन कार्यालय स्थानीय राजनैतिक दल एवम् पत्रकारसँग पनि समन्वय गर्नुपर्दछ र यो प्रक्रिया एकदमै झन्झटिलो हुनेगर्दछ । यस्तो कदम चाल्दा स्थानीय देखी केन्द्रिय राजनैतिक स्तरबाट समेत बाधा अर्चन आउँदछन् । यसले गर्दा अतिक्रमित क्षेत्र वेदखल गर्न असजिलो हुन्छ ।"*

नेपाल सरकारले भूमिहीनबाट हुने अतिक्रमणको समस्या समाधान गर्न विभिन्न "सुकुमवासी समस्या समाधान आयोग" गठन गरी भूमिहीनलाई जग्गा वितरण गर्ने गरेतापनि यसको प्रभावकारिता तराई क्षेत्रमा निकै कम देखिएको छ । वि.सं. २०५२ देखि हाल सम्म सुकुम्बासीका समस्या अध्ययन गरी समाधान गर्न १२ वटा सुकुम्बासी समस्या समाधान आयोग बनिसकेका छन्, जस मध्येका आधा पूर्णरुपमा काम नगरी बीचमा नै खारेज भएका छन् । यस्ता आयोगले हालसम्म करिब १,५४,८५३ भूमिहीन घरधुरीलाई वैधानिक रुपमा केही मात्रामा जग्गाको लालपूर्जा हस्तान्तरण गरेता पनि दशौं लाख भन्दा धेरैको हाराहारीमा रहेका भूमिहीनको समस्यालाई प्रभावकारी ढंगमा समाधान गर्न भने असमर्थ रहेको छ । यसरी गठन हुने गरेका आयोगहरु कुनै एउटा राजनैतिक दलसँगको निकट्ता, भ्रष्टचार, स्थानीय निकायसँग समन्वय जुटाउन असमर्थ रहनुका साथै छोटो कार्य अवधिका कारण निष्क्रिय हुने गरेका छन् ।

तसर्थ, नेपालमा वन अतिक्रमण समस्याको समाधान राजनैतिक दल र भू-माफिया बीचको अवैध साँठगाँठ, वैकल्पिक जिविकोपार्जनको कमी, वनका निकायहरुको न्यून क्षमता, कानुन पालन गर्दाको ठूलो लागत र मूख्य रुपमा कमजोर सरकारी निकायले गर्दा असफल भएको देखिन्छ ।

## वन र भूमिहीन बीचको अन्तरसम्वन्ध

भूमिहीनका लागि वन जिविकोपार्जनको स्रोत मात्र नभई यसले खाद्य सुरक्षा र समुदायमा वन प्रतिको अपनत्वको प्रत्याभूति गराउँदछ । नवलपरासी जिल्लाको शिव मन्दिर गा.वि.स.मा पर्ने जनकल्याण सामुदायिक वन समूहमा हस्तान्तरण हुनुभन्दा अगाडी भूमिहिन ५० घरधुरीमा गरिएको एक अध्ययन अनुसार ४१% घरधुरीको जिविका वनबाट प्राप्त काठ, दाउराको विक्रिबाट प्राप्त आयमा निर्भर रहेको छ । यसका साथै ९१% घरधुरीहरु खाना पकाउन दैनिक रुपमा चाहिने दाउराको निम्ति वन मै आश्रित छन् । यो सामुदायिक वनको वरपर बस्ने भूमिहीनहरुलाई वस्नको लागि छाप्रो घर र गाई, बाखाको कटेराले ओगटेको बाहेक अरु जमिन नभएकाले गर्दा पशुपालनको लागि आवश्यक पर्ने घाँस, सोत्तर, स्याउला देखि वनमा पाइने साग, सिस्नो, च्याउ, तरुल लगायत फलफुल तथा जडीबुटी साथै आवश्यक अन्य वन पैदावार संकलन गर्न सामुदायिक वनमा निर्भर हुनु पर्ने वाध्यता छ । जसले गर्दा भूमिहीनहरुको जिविकोपार्जनमा वन एउटा अभिन्न अङ्ग बनेको छ ।




**चित्र-१ अध्ययन क्षेत्रमो ५० घरधुरीसँग गरिएको सर्वेक्षण अनुसार भूमिहिन घरधुरीको आयस्रोत**[६]

## सहभागितामूलक कार्य अनुसन्धान अन्तर्गत जनकल्याण सा.व.को सिकाई

जनकल्याण सामुदायिक वनको व्यवस्थापन वि.सं. २०५२ देखि नै अनौपचारिक कार्य समिति मार्फत हुँदै आएता पनि काठ, दाउराको अंवैध संकलन र तस्करी एवम् वनक्षेत्रको अतिक्रमण जस्ता गैर कानुनी कार्यमा भने कुनै ह्रास आउन सकेको थिएन । वि.सं. २०७१ बैशाख महिनामा ९५% भूमिहिन बसोबास गर्ने यो सामुदायिक वन जिल्ला वन कार्यालय नवलपरासीबाट हस्तान्तरण भयो । यसरी वन क्षेत्रमा सरोकार राख्ने सबै सारोकारवालाहरुको भूमिहीन प्रतिको विद्यमान बुझाईमा यो सामुदायिक वन हस्तान्तरण पछि वन व्यवस्थापन र संरक्षणमा भएका कार्यहरुले रुपान्तरण ल्याउन सफल भएको छ । वनमा खुल्ला पहुँच र काठ, दाउरा वरिपरि हुने गरेका अवैध कृयाकलापले गर्दा भूमिहीन र अन्य समुदाय बीच द्वन्द सिर्जना गर्यो र १९ वर्ष सम्म वन हस्तान्तरण हुन सकेन । साथै सामुदायिक वन हस्तान्तरण भएपछि सुरुवाती समयमा जिल्ला वन कार्यालयले वन क्षेत्र वरीपरी बसोबास गर्ने भूमिहीनहरुलाई अवैध ठह्याई वेदखल गर्ने भय सवै माझ थियो ।

> यसै सन्दर्भमा सामुदायिक वन उपभोक्ता समुहकी एक महिला सदस्य अनुसार – *"जब सामुदायिक वनको कार्य समिति मेरो घरमा सामुदायिक वन हस्तान्तरण गर्ने निर्णय भएको माइन्यूट लिई हस्ताक्षर संकलन गर्न आइपुगे, सामुदायिक वन हस्तान्तरण पछि वेदखल हुने डरका कारण मैले हस्ताक्षर गर्न मानिन । म र मेरो परिवारले सुरुवाती समयमा सामुदायिक वन हस्तान्तरण गर्नु पर्छ भन्ने निर्णयमा विरोध जनायौं ।"*

---

६ अध्ययन क्षेत्रको जम्मा २८७ घरधुरी मध्ये ५० घरधुरीमा सर्वेक्षण गरिएको थियो ।

यसै समुदायमा वैधानिक रुपमा नम्बरी जग्गामा बसोबास गर्ने करिब २० घरधुरी, भूमिहीनहरुको कार्य समितिमा र सामुदायिक वन उपभोक्ता समुहको सदस्यको रुपमा संलग्नता मान्न तयार थिएनन् । यसरी स्थायी बसोबास गर्ने र भूमिहिन घरधुरी बीच रहेको व्यवहारीक भिन्नताका कारण सामुदायिक वन हस्तान्तरण प्रकृया विवादित थियो ।

साथै, भूमिहीन घरधुरीहरु बीच पनि विवाद नभएको होइन । भूमिहीन टाठा-बाठा जो अवैध काठ तस्करीबाट फाईदा लिईरहेका थिए, सामुदायिक वन हस्तान्तरण पछि काठ, दाउरा तस्करी गर्न गाह्रो हुने भयले हस्तान्तरण प्रक्रिया अवरोध गर्न चाहन्थे । यति मात्र नभएर जनकल्याण सामुदायिक वन र यसका छिमेकी प्रस्तावित सामुदायिक वन बीच घाँसे मैदानको विषयमा रहेको विवादले पनि यस सामुदायिक वनको हस्तान्तरणमा जटिलता थपेको थियो ।

सहभागिमूलक कार्य अनुसन्धानले यी समस्याको समाधान गर्न रचनात्मक भूमिका खेल्यो । जनकल्याण सामुदायिक वन उपभोक्ता समुहका अध्यक्षको भनाई– *"सहभागिमुलक कार्य अनुसन्धानले द्वन्दमा रहेका समुदायलाई एकै ठाउँमा ल्याई आपसमा रहेको समस्या पहिचान गर्न र यसको समाधान गर्नका लागि छलफल गर्ने वातावरण सृजना गऱ्यो । हामी भूमिहीन घरधुरीमा सामुदायिक वन हस्तान्तरण भए पश्चात आफू बसी आएको क्षेत्रबाट बेदखल हुने सदैव डर थियो । यस प्रक्रियाले विभिन्न सरोकारवालाहरुसँग छलफल र अन्तरकृया गर्ने ढोका खोलिदिए पश्चात सामुदायिक वन हस्तान्तरण हुदाँको फाइदा र वेफाइदा थाहा पाउन सक्यौं । हाल वसोवास गरेको क्षेत्र बाहिर पारी वनको सिमाङ्कन हुने थाहा भएपछि करिब ९०% भूमिहीन घरधुरीले सामुदायिक वन हस्तान्तरण हुनुपर्छ भन्ने निर्णयमा सहमति जनाए । केही भूमिहीन घरधुरीमा राजनीतिक एवम् आर्थिक लोभ भएता पनि पछि यस प्रक्रियामा समेट्न सफल भयौं ।"*




**चित्र -२ जनकल्याण सामुदायिक वन उपभोक्ता समुहमा सहभागिमुलक कार्य अनुसन्धानको प्रक्रिया**

**तालिका २: जनकल्याण समदुायिक वनमा अपनाइएको सहभागिमुलक कार्यअनुसन्धान क्रियाकलापहरु र त्यसको परिणाम**

| मुख्य कार्यहरु | छलफलमा उठाइएका मुद्दाहरु | नतिजाहरु |
|---|---|---|
| नियमित द्विपक्षिय छलफल (छिमेकी सामुदायिक वन उपभोक्ता समुह, जिल्ला वन कार्यालय र सामुदायिक वन उपभोक्ता महासंघ नेपाल) | अतिक्रमणको अवस्था, सिमाना विवाद, सामुदायिक वन हस्तान्तरणको प्रक्रिया र समन्वयनका विकल्पहरु | एक अर्काको विचार तथा इच्छाहरुको कदर र समन्वय प्रकृयामा सहयोग |
| साधारण सभा तथा सर्वसम्मतिको विकास | विवादित मुद्दा सुल्झाउन हाल गरिएका सम्झौताको प्रयास सबै माझ सुनाउनुका साथै सबै उपभोक्ता समुह र सरोकारवाला बाट मञ्जुरीनामा | समुहका सदस्यहरुको सजगतामा वृद्धि, वनमा हुने गरेका अवैध गतिविधिमा कमी |
| सिमा विवाद सम्झौता गरी सुल्झाएको, कार्ययोजना बनाई सामुदायिक वनको हस्तान्तरण | वन र विवादीत घाँसे मैदानको साँध सिमाङ्कन, समुदायको सामाजिक तथा आर्थिक र भौतिक वस्तुस्थितिको अध्ययन विश्लेषण | वैधानिक कार्यसमिति तथा वन व्यवस्थापनमा बढ्दो जन सहभागिता |
| सा.व.को समग्र विकासका लागि अल्पकालिन र दीर्घकालिन योजना निर्माण | वन विकास र व्यवस्थापनको ठोस कार्यहरु SWOT विश्लेषण र विभिन्न सरोकारवालाहरुको भुमिका र कार्यको पहिचान | नेतृत्व सुदृढीकरण, उपभोक्ताहरको समिति प्रति विश्वासमा वृद्धि, ठोस क्रियाकलापहरु र त्यसको कार्यान्वयनका लागि समय तालिका निर्माण |

| | | |
|---|---|---|
| नर्सरी निर्माण, १० हे.क्षेत्रमा बृक्षारोपण, कटानी, छंटानी आदी जस्ता वनका कार्यको थालनी, चरीचरण नियन्त्रण | समुदाय, समिति र सरोकारवालाको भुमिका र जिम्मेवारी पहिचान गरी सहकार्य | वनको उत्पादकत्वमा बृद्धि, लाथ्राको संख्यामा बृद्धि, कानुनी रुपमा काठ , दाउरा निकासी (२०७२-७३ मा १४०० क्यू. फिट) काठ तस्करीमा नियन्त्रण, भूमिहीन तथा सिमान्तकृत वर्गको जिविकोपार्जन उत्थानका कार्यक्रम संचालन |
| जिल्ला वन कार्यालयवाट निरन्तर प्राविधिक तथा आर्थिक सहयोग | | जिल्ला वन अधिकृत तथा सामुदायिक वन समुहवाट नियमित रुपमा वनको निरिक्षण, नर्सरी निर्माण र वृक्षारोपण र तारवारका निम्ति रु २ लाखको आर्थिक सहयोग |
| सहभागितामूलक कार्य अनुसन्धानका सिकाई बारे जिल्लादेखि विभागीय वन पदाधिकारी र अन्य सरोकारवालासँग छलफल र बहस | भूमिहीनले वन व्यवस्थापन र संरक्षणमा पुऱ्याउने योगदानको पहिचान, वनसँगको पहुँच बढाउने कानूनी अधिकार र अवसरहरु | सुदृढ वन व्यवस्थापन, कानुनी अधिकारको सुनिश्चितता, जिम्मेवार कार्य समिति |

जिल्ला वन कार्यालय, छिमेकी सामुदायिक वन र सामुदायिक वन उपभोक्ता महासंघसँग हुन नसकेको द्विपक्षिय एवम् वहुपक्षिय वार्ता र छलफल यसै अनुसन्धानको प्रक्रिया एवं सहजिकरणले गर्दा नै क्रमिक रुपमा बृद्धि हुँदै गयो । विवादमा रहेका सामुदायिक वन उपभोक्ता समुह एक आपसमा मिलेर सीमाना विवाद, सम्झौता मार्फत सुल्झियो । त्यस्तै जिल्ला वन कार्यालयसँगको छलफलमा समितिले अवैध काठ, दाउरा एवम् तस्करी नियन्त्रण गर्ने प्रतिवद्धता देखाएपछि नै जिल्ला वन कार्यालय पनि सामुदायिक वन हस्तान्तरण गर्न तयार भयो । यसरी जनकल्याण सामुदायिक वन हस्तान्तरण हुँदा विवादित छिमेकी सामुदायिक वन महाराजा र बुद्ध सामुदायिक वन पनि २०७१ सालमा सँगै हस्तान्तरण भए ।

जिल्ला वन अधिकृतका अनुसार *"वन कर्मचारीको रुपमा हामीलाई सामुदायिक वन समुदायलाई हस्तान्तरण गर्न कुनै समस्या छैन । यदी कुनै पनि प्रस्तावित सामुदायिक वनमा आन्तरिक विवाद, छिमेकी सामुदायिक वनसँग कुनै किसिमको झगडा छैन भने र समुदाय वनको व्यवस्थापन र संरक्षणमा लाग्न तत्पर छन् भने यो प्रक्रिया सहजै अगाडि बढ्छ । वन भनेकै उनीहरु जीवनको अभिन्न अङ्ग हो । त्यसैले समुदायले नै वन व्यवस्थापनको मूल जिम्मेवारी लिनुपर्दछ ।"*

हाल सामुदायिक वन हस्तान्तरण भए पश्चात सहभागिमुलक कार्य अनुसन्धान प्रकृया सामुदायिक वन उपभोक्ता समुहको सशक्तिकरण, क्षमता अभिबृद्धिमा केन्द्रित छ । त्यस्तै सुसाशन प्रशिक्षण, सामुदायिक वनका कार्यहरुको आँकलन र संसोधन, नेतृत्व विकास आदि कार्यक्रमहरु आगामी दिनमा गर्ने योजना बनाइएको छ । *(यो नतिजा सहभागितामुलक कार्य अनुसन्धान अन्तर्गत क्रमिक रुपमा गरीएको प्रक्रियाको परिणाम हो । तालिका-२)*



## नीतिगत सुझाव

**भूमिहीनलाई वन व्यवस्थापन समेट्न र उत्प्रेरित गर्न नीति तथा कार्यक्रमको नयाँ तौरतरिका विकास गर्नुपर्दछ ।** त्यस्तै भूमिहीन मात्र नभई वन क्षेत्र आसपासमा वैधानिक तथा अवैधानिक बसोबास गर्ने सबै समूदायको वनसँगको पहुँच सुनिश्चित गर्नु पर्दछ । अतिक्रमित क्षेत्र वेदखल गर्ने, भूमिहीनलाई अपराधी ठहऱ्याउने साथै विभिन्न सुकुम्वासी आयोग बनाई जग्गा वितरण गर्ने जस्ता प्रयास धेरै खर्चिलो मात्र नभई समस्याको मूल मर्म नबुझि अपनाइएका छन् । यस्ता नीतिको पूनः विचार गरी परिवर्तन ल्याएमा मात्र सामुदायिक वन र भूमिहीनका बीचको द्वन्द कम गराई वन व्यवस्थापन र समुदायको जिविकोपार्जनमा सहयोग पुग्दछ । यस अर्थमा भूमिहीन बसोबास गर्दै आएको क्षेत्र वरिपरिका वन उनीहरुलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गर्नु निकै फलदाई देखिन्छ ।

**त्यस्तै सामुदायिक वन उपभोक्ता समुहलाई प्रोत्साहित गरी उनीहरुसँगै बसोबास गर्ने भूमिहीनलाई सामुदायिक वन उपभोक्ता समुहमा समावेश गर्नुपर्दछ ।** यसो गर्दा भूमिहीनहरुलाई पनि कानुनी रुपमा सामुदायिक वनको सदस्य भएको प्रत्याभूति दिई वन र वन पैदावारसँगको पहुँच र सामुदायिक वनको लाभ बाँडफाँडमा पनि हक स्थापित गराउँदछ । यस्तो प्रयासले एकातर्फ सामुदायिक वनको व्यवस्थापन गर्नका निमित्त जनशक्ति प्रदान गर्दछ भने अर्कोतर्फ उपभोक्तामा वन प्रतिको अपनत्वको भावना विकास हुन्छ । यसले सामुदायिक वनमा हुने अतिक्रमण, काठ, दाउराको तस्करी, अवैद रुपमा हुने काठ, दाउरा संकलन तथा वन फडानी गरी जग्गा वढाउने जस्ता गैरकानूनी काममा नियन्त्रण गर्न मद्दत पुग्छ ।

**नेपालको तराई क्षेत्रको वन व्यवस्थापनमा अपनाइएको एकोहोरो प्रशासनिक र कानूनी प्रक्रिया र त्यसले उत्पन्न गराएको चुनौतिबाट पाठ सिक्दै विभिन्न समुदायबीचको सहभागिता मुलक वन व्यवस्थापन प्रविधि अपनाउन नै अनुकुल हुन्छ ।** त्यसैले सामाजिक तथा पर्यावरणीय अवस्थाको विश्लेषण गरी वातावरणीय अनुकुल वन व्यवथापन पद्धती अपनाएमा मात्र यस्ता समस्या हटाई सफलता पाउन सकिन्छ । यसरी सबै वनमा भुमिहीनलाई हस्तान्तरण गर्न वा सामुदायिक वन उपभोक्ता समुहमा आवद्ध गराउन नसकिएता पनि बनका कर्मचारी र सामुदायिक वन उपभोक्ता समुहका पदाधिकारीहरुले समस्याको सही मुल्याङ्कन गरी यस्ता समस्या सुल्झाउन तयार हुनुपर्दछ ।

यो नीतिगत वहस फरेष्टएक्सन नेपाल अन्तर्गतको CALCNR परियोजनाको अध्ययन, अनुसन्धानको उपज हो । Community based Adaptive Learning in management of Conflict and Natural Resource (CALCNR) परियोजनालाई Netherlands Organization for Scientific Research (NWO) ले सहयोग गरेको हो । जुन "जलवायु परिवर्तन व्यवस्थापन गर्न द्वन्द र सहकार्य" भन्ने विषयमा नेपाल र वंगलादेश गरी २ देशमा संचालन भईरहेको छ । CALCNR ले सहभागितामूलक कार्य अनुसन्धान विधि अपनाई स्थानीय समुदायमा रहेका सामुहिक संगठनको सञ्जालसँग मिलि जलवायु परिवर्तनका असर र चुनौती भोगिरहेका अमुदायबीच प्राकृतिक स्रोतको व्यवस्थापनका निमित्त काम गरिरहेको छ ।

**परियोजना सहकार्य**

fhrc Flood Hazard Research Centre · iDE · Nice Foundation

**फरेष्टएक्सन नेपाल**
बागडोल, ललितपुर
सम्पर्क: ९७७-१-५००१३६२/५००११४४/६२०००६९
ई: fa@forestaction.org वे: www.forestaction.org